**मिति २०८०।१०।२६ गते बसेको निस्दी गाउँपालिकाको ५१ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१. गत कार्यपालिकाको निर्णय समिक्षा सम्बन्धमा ।

२. निर्माणाधीन मुख्य प्रशासनिक भवन ठेक्का म्याद थप सम्वन्धमा ।

३. विविध ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८०।१०।२६ गते बसेको निस्दी गाउँपालिकाको ५१ औँ गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्बोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोर्टिङ गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निर्माणाधिन मुख्य प्रशासनिक भवन ठेक्का नं EGP/NCB/WORKS/NRM/09-077/078 को निर्माण व्यवसायी श्री रविना - श्रेया - आदर्श जे.भी ले मिति २०८०।१०।०८ गते यस गाउँ कार्यपालिकाको कार्यालयमा निर्माणाधिन मुख्य प्रशासनिक भवनको म्याद थपको लागी दिइएको निवेदन उपर छलफल भयो । उक्त छलफलमा निर्माण व्यवसायी श्री रविना - श्रेया - आदर्श जे.भी ले गाउँ कार्यपालिकाको कार्यालय समक्ष दिइएको निवेदनमा कार्य सम्पन्न गर्ने अन्तिम मिति २०८०।१०।२९ गते भएको तर वर्षातको कारण सामाग्री ढुवानी गर्न असमर्थ भएको साथै देशमा देखिएको आर्थिक मन्दी, निर्माणकर्मीको अभाव लगाएतका कारण देखाउदै सम्झौतामा उल्लेखित निर्धारित समयमा सम्पन्न गर्न नसकिएको ब्यहोरा जानकारी भयो । उक्त कारण मनासिव देखिनुका साथै गाउँपालिकाको मुख्य प्रशासनिक भवन तत्काल सम्पन्न गरी नयाँ भवन बाट सरल र सहज तरिकाले सेवा प्रवाह गर्न अत्यावश्यक देखिदा निर्माण कार्य ढिलाइ भए गाउँपालिकाको प्रतिष्ठामा समेत अँच आउने देखियो । अत म्याद थपको निवेदन माथि छलफल गर्दा निर्माण ब्यवसायीलाइ निर्माण कार्य सुचारु गर्न ताकेता गर्ने र कार्य प्रगति अनुसार अर्को बैठकबाट पुनः म्याद थप सम्बन्धमा थप छलफल गर्ने गरी हाललाई मिति २०८१ असार मसान्त सम्म उक्त ठेक्काको म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा देहाय अनुसारको निर्णय गरियो ।

क) मिति २०८०।०८।१८ गते देखी २०८०।०८।२१ गते सम्म र मिति २०८०।०८।२६ गते देखी २०८०।०८।२८ गते सम्म संचालन भएको निस्दी गाउँपालिकाको एकिकृत घुम्ति शिविर, २०८० अन्तरगत संचालित जेष्ठ नागरिक सम्मान कार्यक्रममा खर्च भएको रकम रु. ३ , ४०, ७५० लाइ अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) श्री राइकोट आधारभूत विधालय , निस्दी - ५ को मिति २०८०।१०।२५ मा पेश गरेको निवेदन उपर छलफल गर्दा उक्त विद्यालयले खरिद गरेको देहाय बमोजिमको जग्गा उक्त विद्यालयको नाममा निशुल्क रजिष्ट्रेशन पास गर्नको लागि मालपोत कार्यालय, रामपुरलाई सिफारिस गर्ने निर्णय गरियो ।

०८०/१०/२८

ध्रुव दयाल
...कीय अधिकृत

| क्र स | जग्गा धनीको नाम थर | ठेगाना | कित्ता नं | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | फत्ते सिंह सारु | निस्दी-५ गल्धा साविक गल्धा-२ | ५३२ | १-७-२-१ |
| २ | खर्ग बहादुर सारु | निस्दी-५ गल्धा साविक गल्धा-२ | ५३३ | १-७-२-१ |
| ३ | मित्र बहादुर सारु | निस्दी-५ गल्धा साविक गल्धा -२ | ७ | १-०-०-० |

ग) पाँचौ जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा स्वर्ण पदक विजेता महिला भलिवल टिम तथा ब्यवस्थापकहरुलाई मिति २०८०।११।०१ गतेका दिन नगद सहित सम्मान गर्ने निर्णय गरियो।

मिति २०८०/१०/२६ गतेको निस्दी गाउँपालिकाको ५१ औ गाउँ कार्यपालिका बैठकको निर्णयहरु प्रमाणित

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल ...ल्याल, पाल्पा

०८०/१०/२८

धुव दयाल
प्रमुख प्रशासकीय अधिकृत